लोक सेवा आयोग

आयोगबाट स्वीकृत मिति: २०८३/०१/०८

# लोक सेवा आयोगले सङ्घीय कानून बमोजिम अपनाएको सिद्धान्त र मापदण्ड

लोक सेवा आयोगले कार्यसम्पादनका क्रममा सङ्घीय कानून बमोजिम अपनाएको देहायका सिद्धान्त र मापदण्ड प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड) ऐन, २०७५ को दफा ११ को उपदफा (२) को प्रयोजनको लागि सार्वजनिक गरिएको छ।

## १. आयोगको कार्यसम्पादन सिद्धान्त

(क) योग्यताको सिद्धान्त (Principle of Merit): आयोगबाट सञ्चालन हुने परीक्षाहरूमा उच्चतम अङ्क प्राप्त गरी अग्रस्थानमा रहेका उम्मेदवारलाई पदसङ्ख्या अनुसार नियुक्तिका लागि सिफारिस गर्ने।

(ख) निष्पक्षताको सिद्धान्त (Principle of Impartiality): कुनै पनि उम्मेदवारप्रति निजको व्यक्तिगत गुण (Individual Characteristics) र संलग्नता (Affiliation) को आधारमा आग्रह पूर्वाग्रह नराख्ने।

(ग) स्वच्छताको सिद्धान्त (Principle of Fairness): आयोगका कामकारबाहीलाई स्वच्छ, पारदर्शी, विश्वसनीय, भरपर्दो, विधिसम्मत एवं अनियमिततारहित बनाउन उपयुक्त विधि अपनाई कार्यसम्पादन गर्ने।

(घ) समान अवसरको सिद्धान्त (Principle of Equal Opportunity) : सेवा प्रवेशका लागि तोकिएको योग्यता पुगेका सबै नेपाली नागरिकलाई आयोगबाट सञ्चालन हुने प्रतिस्पर्धात्मक परीक्षामा सहभागी हुन समान अवसर प्रदान गर्ने।

(ङ) समावेशिताको सिद्धान्त (Principle of Inclusiveness): प्रचलित कानून बमोजिम समावेशी समूहका लागि तोकिएको प्रतिशत निर्धारण गरी विज्ञापन प्रकाशन गर्ने र प्रतिस्पर्धात्मक परीक्षाको माध्यमबाट उपयुक्त उम्मेदवार छनोट गरी नियुक्तिका लागि सिफारिस गर्ने।

(च) द्विअन्धको सिद्धान्त (Principle of Double Blindness): पदपूर्ति प्रक्रियाको कुनै एक गोप्य चरणमा संलग्न हुने पदाधिकारी वा कर्मचारीलाई सो प्रक्रियाको अन्य चरणमा संलग्न नगराउने।

(छ) परिचय-शून्यताको सिद्धान्त (Principle of Identity Masking): उत्तरपुस्तिका परीक्षण गर्नुअघि दोहोरो साङ्केतीकरण (Double Coding) गरी उक्त उत्तरपुस्तिकाबाट उम्मेदवारको विवरण समावेश भएको परिचय खुल्ने भाग अलग गर्ने र दोस्रो कोडबाट अन्तिम नतिजा तयारीसम्मका कार्य सम्पादन गर्ने।

लोक सेवा आयोग

(ज) असंलग्नताको सिद्धान्त (Principle of Recusal): आयोगबाट सञ्चालित परीक्षामा आयोगका पदाधिकारी, कर्मचारी, विषय विज्ञ वा दक्षका नजिकका नातेदार उम्मेदवार रहेमा निज सो परीक्षाका सम्पूर्ण प्रकृयाबाट अलग रहने।

(झ) गोपनीयताको सिद्धान्त (Principle of Confidentiality): आयोगले परीक्षा प्रणालीलाई विश्वसनीय बनाउन सार्वजनिक गर्नुपर्ने विषय बाहेक पदपूर्ति प्रक्रियाका सम्पूर्ण चरणमा गोपनीयता कायम गर्ने।

२. <u>पदपूर्ति प्रकृयाको कार्यसम्पादन मापदण्ड</u>

(क) <u>कार्य विभाजनः</u> प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन र उत्तरपुस्तिका परीक्षण कार्यका लागि विषय विज्ञ वा दक्ष तोक्दा आयोगका अलग पदाधिकारीबाट तोकिने र सोही अनुसार हुने कामका लागि अलग कर्मचारी खटाइने।

(ख) <u>कार्यतालिका प्रकाशनः</u> आयोगले पदपूर्तिका लागि सिफारिस गर्ने प्रयोजनका लागि माग सङ्कलन, पदसङ्ख्या (प्रतिशत) निर्धारण, विज्ञापन प्रकाशन, लिखित परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन, अन्तर्वार्ता, सिफारिस, अन्य प्रासङ्गिक विषय र मिति समेत समावेश गरी वार्षिक कार्यतालिका आर्थिक वर्षको सुरुमा सार्वजनिक गरिने।

(ग) <u>पदसङ्ख्या निर्धारण:</u> सम्बन्धित सेवाका श्रेणी वा तह र पदको पदपूर्तिका लागि त्यस्तो पदको सेवा शर्त सम्बन्धी प्रचलित कानूनमा निर्धारण गरिएको प्रतिशतका आधारमा पदसङ्ख्या निर्धारण गरिने।

(घ) <u>पाठ्यक्रम निर्माण:</u>

(१) आयोगबाट लिइने प्रतियोगितात्मक परीक्षाका लागि पदपूर्ति हुने पदको कार्यविवरण, न्यूनतम शैक्षिक योग्यता र पदका लागि आवश्यक रहेको सक्षमता (Competency) समेतलाई आधार लिई सेवा, समूह/उपसमूह तथा श्रेणी/तह अनुसार पाठ्यक्रम स्वीकृत गरी सार्वजनिक गरिने।

(२) पाठ्यक्रम निर्धारण गर्दा देहाय बमोजिम हुनेगरी निर्धारण गरिनेः-

(क) लिखित परीक्षाका लागि पूर्णाङ्कको न्यूनतम् ४० प्रतिशत र प्रयोगात्मक परीक्षाको लागि पूर्णाङ्कको न्यूनतम ५० प्रतिशत अङ्कलाई उत्तीर्णाङ्क तोकिने।

(ख) विषयगत प्रश्नको अङ्क भार प्रति प्रश्न २५ अङ्क भन्दा बढी नहुने गरी कायम गरिने।

(ग) परीक्षामा सोधिने प्रश्नको भाषा र उम्मेदवारले उत्तर दिने भाषा पाठ्यक्रममा स्पष्ट खुलाइने।

(घ) बहुवैकल्पिक प्रश्नमा प्रतिप्रश्नको उत्तर दिने समयलाई अधिकतम एक मिनेट भन्दा बढी नहुने गरी निर्धारण गरिने।

(ङ) विषयगत परीक्षाको प्रत्येक १०० पूर्णाङ्कका लागि अधिकृतस्तरको लागि ३ घण्टा र सहायकस्तरका लागि २ घण्टा ३० मिनेट समय निर्धारण गरिने।

लोक सेवा आयोग

(च) लिखित परीक्षा पछि लिइने अन्य परीक्षाको अङ्कभार लिखित परीक्षाको कूल अङ्कभारको ५० प्रतिशत भन्दा बढी नहुने।

(छ) कुनै श्रेणी वा तहका पदमा पूर्व योग्यता परीक्षा (Pre-qualifying Test) लिन आवश्यक भएमा सो विषय समेत पाठ्यक्रममा समावेश गरिने ।

(ङ) <u>परीक्षा र परीक्षण विधि</u>: प्रतियोगितात्मक परीक्षाबाट उम्मेदवार छनौट गर्दा लिखित परीक्षा र अन्तर्वार्ता अनिवार्य हुने र सो बाहेक आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा वा अन्य उपयुक्त विधि अवलम्बन गर्न सकिने।

(च) <u>विज्ञापन प्रकाशन</u> :

(१) विज्ञापन प्रकाशन गर्दा विज्ञापन हुने पदसङ्ख्या, न्यूनतम योग्यता, परीक्षा दस्तुर, दरखास्त पेश गर्ने स्थान, अवधि र अन्तिम मिति तथा अन्य आवश्यक विषयहरू खुलाइने।

(२) विज्ञापन प्रकाशन गर्दा बढुवा, खुला र समावेशी समूहतर्फको क्रमानुसार विज्ञापन नम्बर कायम गरिने।

(छ) <u>दरखास्त स्वीकृति</u> : विज्ञापन प्रकाशन गर्दा तोकिएका शर्त र प्रचलित कानून बमोजिम तोकिएको न्यूनतम योग्यता पूरा भएका उम्मेदवारको दरखास्त स्वीकृत गरी नामावली प्रकाशन गरिने।

(ज) <u>प्रश्नपत्र निर्माण</u> :

(१) प्रत्येक परीक्षाको लागि सामान्यतया कम्तीमा पाँच जना विषय विज्ञ वा दक्षबाट कच्चा प्रश्नपत्र निर्माण गराइने।

(२) विषयगत र वस्तुगत प्रश्नपत्र निर्माण गर्न छुट्टै मार्गदर्शन बनाई विषय विज्ञ वा दक्षलाई उपलब्ध गराइने।

(झ) <u>प्रश्नपत्र परिमार्जन</u> : प्रत्येक परीक्षाको लागि प्रश्नपत्र परिमार्जन गराउँदा सामान्यतया तीन सेट प्रश्नपत्र तयार गरिने।

(ञ) <u>प्रश्नपत्रको छपाई</u> : प्रश्नपत्र छपाइ कार्यमा संलग्न कर्मचारीले तोकिएको पदाधिकारीबाट प्रश्नपत्र छनोट गराई प्रचलित कानून र तोकिएको आचरणको अधीनमा रही आवश्यक सङ्ख्यामा छपाई गरी सुरक्षित भण्डारण गरिने।

(ट) <u>परीक्षा सञ्चालन</u> : निर्धारित मिति, समय र स्थानमा व्यवस्थित, मर्यादित, सुरक्षित र मितव्ययी तबरले परीक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइने।

(ठ) <u>उत्तरपुस्तिका सङ्केतीकरण</u> :

(१) विद्युतीय कोड (बारकोड) प्रयोग हुने उत्तरपुस्तिका बाहेकको प्रत्येक उत्तरपुस्तिकामा कम्तीमा दुईजनाको सहभागिता हुने व्यवस्था मिलाई अलग अलग टोलीबाट पहिलो र दोस्रो सङ्केतीकरण गरिने।

लोक सेवा आयोग

(२) पहिलो सङ्केतीकरणको अर्धकट्टी आयोगका सचिव र दोस्रो सङ्केतीकरणको अर्धकट्टी आयोगका अध्यक्षको जिम्मामा सुरक्षित राखिने।

(ङ) <u>उत्तरपुस्तिका परीक्षण</u>:

(१) वस्तुगत उत्तरपुस्तिकाको परीक्षण तोकेको कर्मचारीबाट कार्यालयमा नै गराउने व्यवस्था मिलाइने।

(२) दोस्रो सङ्केतीकरण भई प्राप्त भएका सिलबन्दी उत्तरपुस्तिका समावेश भएको थैलो वा खामको बाहिरी भागमा अलग्गै नम्बर कायम गरी परीक्षण गराइने।

(३) एउटै विज्ञापनको परीक्षाको अर्को पत्र वा सोही पत्रको अर्को खण्डको उत्तरपुस्तिका अलग अलग विषय विज्ञ वा दक्षबाट परीक्षण गराइने।

(४) एउटै उत्तरपुस्तिका दुई जना परीक्षकबाट परीक्षण हुने व्यवस्था भएकोमा दुबै परीक्षकले प्रदान गरेको अङ्कलाई औषत गरी प्राप्ताङ्क कायम गरिने।

तर दुई परीक्षकले प्रदान गरेको अङ्कको भिन्नता पूर्णाङ्कको ५० प्रतिशत वा सो भन्दा माथि भएमा उक्त विषय विज्ञ वा दक्षबाट परीक्षण भएका सम्बन्धित खण्ड वा प्रश्न नम्बरका सबै उत्तरपुस्तिका तेस्रो परीक्षकबाट पुन: परीक्षण गराई तीनै जना परीक्षकले दिएको अङ्कको औषत अङ्कलाई प्राप्ताङ्क कायम गरिने।

(ढ) <u>लिखित परीक्षाको नतिजा तयारी</u>:

(१) लिखित परीक्षाको नतिजा तयार गर्दा दोस्रो सङ्केतको आधारमा प्राप्ताङ्क रुजु गरी तालिकीकरण र योग्यताक्रम सूची तयार गरिने।

(२) खुलातर्फको डिकोड फाराम दोस्रो सङ्केतको क्रमको आधारमा र समावेशीतर्फको डिकोड फाराम योग्यताक्रम अनुसार तयार गरी नतिजा प्रकाशनका लागि पठाइने।

(ण) <u>लिखित परीक्षाको नतिजा प्रकाशन</u>:

(१) लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा विज्ञापनको क्रम अनुसार उम्मेदवारको नाम वर्णानुक्रमका आधारमा तोकिएको सङ्ख्यामा प्रकाशन गरिने।

(२) लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा लिखित परीक्षा पछिका अन्य परीक्षाका कार्यक्रम भएमा सो समेत प्रकाशन गरी अन्तर्वार्ता अघि नै त्यस्ता परीक्षाका कार्यक्रम गरिने।

(त) <u>अन्तर्वार्ता</u> :

(१) अन्तर्वार्तामा विषय विज्ञ समेत गरी कम्तीमा तीन जना भएको अन्तर्वार्ता समिति गठन गरिने।

(२) अन्तर्वार्ताको अङ्कभार १०० पूर्णाङ्कको लागि २० अङ्कसम्म र त्यसपछि प्रत्येक १०० पूर्णाङ्कको १० अङ्कका दरले थप गर्ने गरी तोकिने।

(३) अन्तर्वार्तामा अधिकतम ७० प्रतिशत भन्दा बढी र न्यूनतम ४० प्रतिशत भन्दा कम अङ्क दिँदा पुष्टाई गर्नु पर्ने र अन्तर्वार्ता बोर्डका कम्तीमा पचास प्रतिशत सदस्यले कारण खुलाई अङ्क प्रदान गरेकोमा मात्र उक्त कारण सहितको अङ्क कायम हुने।

(थ) <u>अन्तिम नतिजा प्रकाशन र सिफारिस</u>:

(१) अन्तिम नतिजा प्रकाशन गर्दा सम्बन्धित पदको पाठ्यक्रममा तोकिएका सबै परीक्षाको प्राप्ताङ्कको आधारमा योग्यताक्रम कायम गरी एकमुष्ट योग्यताक्रम, वैकल्पिक सूची र आवश्यकता अनुसार अस्थायी सूची प्रकाशन गरिने।

(२) कुनै उम्मेदवार समानस्तरको एक भन्दा बढी पदमा उत्तीर्ण भएमा दोहोरो सिफारिस नहुने गरी सबैभन्दा पहिले नतिजा प्रकाशन हुने एक पदमा मात्र सिफारिश गरिने।

(३) उम्मेदवारलाई निकाय वा कार्यालय तोकेर सिफारिस गर्नु पर्दा निजको योग्यताक्रम र रोजाईको प्राथमिकताका आधारमा सिफारिस गरिने।

३. <u>अन्य मापदण्ड</u>

(क) <u>प्रतिस्पर्धा सीमित नगरिने</u> : सीमित व्यक्तिका बीच मात्र प्रतिस्पर्धा गराउने, अस्थायी र करारमा कार्यरत कर्मचारीलाई स्थायी पदमा नियुक्ति हुन उमेरको हद नलाग्ने, तोकिएको न्यूनतम शैक्षिक योग्यता नभएपनि त्यस्ता कर्मचारीलाई विशेष पद सृजना गरी विशेष बढुवा गर्ने जस्ता प्रतिस्पर्धालाई सीमित गर्ने गरी पदपूर्ति नगरिने।

(ख) <u>परामर्श दिने सम्बन्धी</u>:

(१) कर्मचारीको सेवा शर्त सम्बन्धी कानूनको विषयमा परामर्श दिँदा प्रचलित कानून तथा यस सिद्धान्त र मापदण्डको अधीनमा रही दिइने।

(२) सेवा, समूह वा उपसमूह परिवर्तनको परामर्श दिंदा सो सेवा, समूह, उपसमूहको पदमा निर्धारित पाठ्यक्रमको सेवा सम्बन्धी कम्तीमा एउटा पत्रमा परीक्षा लिने गरी परामर्श दिन सकिने र यस्ता परीक्षाको उत्तीर्णाङ्क पचास प्रतिशत कायम गरिने।

(ग) <u>बढुवा उपरको उजुरी सम्बन्धी</u> :

(१) सेवा समूह सम्बन्धी प्रचलित कानून बमोजिम सम्बन्धित बढुवा समितिले गरेको बढुवा सिफारिसमा चित्त नबुझ्ने सम्भाव्य उम्मेदवारले सम्बन्धित सेवा शर्त सम्बन्धी कानूनमा तोकिएको म्यादभित्र उजुरी दिएमा सो उजुरीको सम्बन्धमा प्रचलित कानूनी व्यवस्था, प्रतिपादित नजीर तथा सिद्धान्त र प्रमाण समेतका आधारमा उजुरी उपर आधार र कारण सहित निर्णय गरिने।

(२) बढुवा सिफारिसको उजुरी उपर निर्णय गर्ने आयोगको बैठकमा बढुवा सिफारिस गर्ने सदस्य संलग्न नहुने।

(घ) <u>सङ्गठन संरचना र कर्मचारी व्यवस्था</u>: आयोगको सङ्गठन संरचना तयार गर्दा प्रचलित कानून, आयोगको सिद्धान्त र मापदण्ड एवम् परीक्षा सम्बन्धी गोप्यता र मर्यादा कायम हुने गरी अलग अलग शाखा कायम गरिने।

(ङ) <u>विषय विज्ञ वा दक्षको सेवा लिने सम्बन्धी</u>: आयोगले परीक्षासँग सम्बन्धित विशेषज्ञ सेवा आवश्यक पर्ने कार्यमा विषय विज्ञ वा दक्षको सेवा लिन सक्ने र यसरी सेवा लिनु पर्दा विषय विज्ञ वा दक्षको रोष्टर कम्तीमा दुई वर्षमा एक पटक अद्यावधिक गरी सोही रोष्टरबाट गोप्यरूपमा विज्ञ सेवा लिइने।

(च) <u>स्वार्थको द्वन्द्व सम्बन्धी</u>: आयोगका पदाधिकारी, कर्मचारी, विषय विज्ञ वा दक्षले स्वार्थ बाझिने गरी परीक्षा सम्बन्धी कुनै पनि काममा संलग्न हुनु नहुने।

(छ) <u>गोपनीयता कायम गर्ने सम्बन्धी</u>:

(१) आयोगको परीक्षा सम्बन्धी काममा संलग्न हुने पदाधिकारी, कर्मचारी, विषय विज्ञ वा दक्षले आफ्नो कार्यमा पूर्ण गोपनीयता कायम गर्ने।

(२) आयोगको परीक्षा सम्बन्धी गोप्यता र मर्यादा कायम हुने गरी एउटा गोप्य काममा खटाइएको कर्मचारीलाई सो विज्ञापनको अर्को चरणको गोप्य कार्यमा नखटाइने।

(३) आयोगका परीक्षा तथा अन्य कामकारबाही सम्बन्धी महत्वपूर्ण कागजात गोप्यता कायम गरी संरक्षण गरिने।